# ठूली भेरी नगरपालिका

## कर्मचारी छनौट तथा सिफारिस कार्यविधि २०७५

**१. संक्षिप्त नाम र प्रारम्भः** (क) यस कार्यविधिको नाम "ठूली भेरी नगरपालिकाको कर्मचारी छनौट तथा सिफारिस कार्यविधि " रहनेछ ।

ख) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

**२. परिभाषा :** विषय प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ,

क) "सुचना प्रविधि अधिकृत" भन्नाले LGCDP अन्तर्गत स्थानीय तहलाई सुचना प्रविधिमा सहजीकरणका लागि नियुक्ति गरिने व्यक्तिलाई सम्झनु पर्दछ ।

ख) "इन्जिनीयर " भन्नाले नगरपालिकाको स्वीकृत अस्थायी दरबन्दी अनुसार पदपुर्ति हुन नसकी तत्काल कार्य संचालन नियमित गर्न नगरपालिकाले यसै कार्यविधि बमोजिम करारमा नियुक्ति गरेको लोक सेवा आयोगबाट लिईने इन्जिनीयर ( सिभिल ) पदको लागि योग्य व्यक्तिलाई सम्झनु पर्दछ ।

ग) "सब-इन्जिनीयर" भन्नाले नगरपालिकाको स्वीकृत अस्थायी दरबन्दी अनुशार पदपुर्ति हुन नसकी तत्काल कार्य संचालन नियमित गर्न नगरपालिकाले यसै कार्यविधि बमोजिम करारमा नियुक्ति गरेको लोक सेवा आयोग बाट लिइने सब-इन्जिनीयर ( सिभिल ) पदको लागि योग्य व्यक्तिलाई सम्झनु पर्दछ ।

घ) "समित" भन्नाले कर्मचारी छनौटको लागि गठित समिति बुझ्नु पर्दछ ।

ङ) "परीक्षा" भन्नाले कर्मचारी छनौटका लागि यस नगरपालिकाबाट लिइने प्रयोगात्मक परीक्षा वा अन्तर्वार्ता समेतलाई बुझ्नु पर्दछ ।

**३. समिति गठन र कार्य :**

क)कर्मचारी छनौट तथा सिफारिसको लागि "कर्मचारी छनौट तथा सिफारि समिति" गठन गरिनेछ ।

ख) समितिमा देहाएका व्यक्ति रहनेछन :

| | |
|---|---|
| १. नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| २. जिल्ला प्रशासन कार्यालयका प्रतिनिधी | सदस्य |
| ३. जिल्ला समन्वय समितिको प्रतिनिधी | सदस्य |
| ४. सम्बन्धित पदको विज्ञ वा कर्मचारी | सदस्य |
| ५. प्रमुख प्रशासकीय अधिकृतले तोकेको नगरपालिकाको कर्मचारी | सदस्य सचिव |

ग) सुचना प्रविधि अधिकृतको हकमा समितिले दरखास्त आवेदन दिनेहरुलाई संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको परीपत्र अनुशारको अनुसुची १ बमोजिम अंकभार तोकी सर्ट सिष्टङ बाट सिफारिस गर्ने र सर्ट लिष्टङ हुँदा अंकभार समान हुन गएमा समितिले लिखित परीक्षा वा अन्तर्वार्ता समेतको आधारमा सिफारिस गर्ने छ ।

घ) इन्जिनीयर र सब इन्जिनीयरको हकमा अनुसुचि २ बमोजिमको अंकभार तोकि सर्ट लिष्टङ बाट सिफारिस गर्ने र सर्ट लिष्टङ गर्दा अंकभार समान हुन गएमा समितिले लिखित परीक्षा वा अन्तर्वार्ता समेतको आधारमा सिफारिस गर्नेछ ।

ङ) कम्प्युटर अपरेटरको हकमा अनुसुचि ३ बमोजिमको अंकभार तोकि प्रयोगात्मक परीक्षा समेतको आधारमा सर्ट लिष्टाङ गरी सिफारिस गर्ने छ । सर्ट लिष्टङ हुँदा अंकभार समान हुन गएमा समितिले लिखित परीक्षा वा अन्तर्वार्ता समेतको आाधारमा सिफारिस गर्नेछ ।

**४. सिफारिस प्रकृया** समितिले यस कार्यविधिमा व्यवस्था भएबमोजिम उमेद्वारहरुले प्राप्त गरेको अंकलाइ आधार मानी सबैभन्दा उत्कृष्ट अंक हाँसील गर्ने उमेद्वारलाई सिफारिस गर्ने छ र अन्य २ जना बढी अंक हाँसील गर्नेलाई पहिलो र दोस्रो वैकल्पिक उमेद्वार कायम गर्ने छ ।

**५. उजुरी उपर कारवाही**

क) सिफारिस सम्बन्धमा कुनै उमेद्वारलाइ चित्त नबुझेमा नगरपालिकाको रु. २०० को रसिद काटी निवेदन पेश गर्न सक्नेछ ।

ख) उजुरी उपर सिफारिस समितिले अध्ययन गरी अन्तिम निर्णय गर्नेछ ।

**६. खारेजी :**

यो कार्यविधि उपरोक्त बमोजिमको कर्मचारीहरुको नियुक्ति भएपछी स्वतः खारेज हुनेछ ।

अनुसुची १

सुचना प्रविधि अधिकृत छनौटको अंकभार

| क.सं. | सुचकहरु | पूर्णाङ्क |
|---|---|---|
| १ | शैक्षिक योग्यता (सुचनाअनुसारको न्युनतम शैक्षिक योग्यताको आधारमा) | ३० |
| १.१ | अंकअंकित स्तर निर्धारण पद्धति भएकाविश्वविधालयको हकमा | |
| १.१.१ | ८० %वा सो भन्दा माथि प्राप्ताङ्क भएको वा सम्वन्धित विषयमा तोकिएकोभन्दा माथिल्लो शैक्षिक उपाधि भएको । | ३० |
| १.१.२ | ६५% देखि ७९.९९ % सम्म प्राप्ताङ्क भएको । | २४ |
| १.१.३ | ५५% देखि ६४%सम्म प्राप्ताङ्क भएको । | १८ |
| १.१.४ | ५५% भन्दा कम प्राप्ताङ्क भएको । | १२ |
| १.२ | अक्षर अंकित स्तर निर्धारण(Letter Grading Sysftem)भएकाविश्वविधालयको हकमा | |
| १.२.१ | Cumulative Grading Point Average (३.५ देखि ४ सम्म) वा सम्वन्धित विषयमा तोकिएभन्दा माथिल्लो शैक्षिक उपाधि भएको । | ३० |
| १.२.२ | Cumulative Grading Point Average(३ देखि ३.५ भन्दा कम) | २४ |
| १.२.३ | Cumulative Grading Point Average(२.५ देखि ३ भन्दाकम) | १८ |
| १.२.४ | अन्य | १२ |
| २ | कार्य अनुभव(सुचनाअनुसारको न्युनतम शैक्षिक योग्यताहासिल गरे पश्चात) | ४० |
| २.१ | २ बर्ष भन्दामाथि सरकारि निकायमा IT क्षेत्रमाकार्य अनुभवभएको | ४० |
| २.२ | १ बर्ष भन्दामाथि | ३० |
| २.३ | १ बर्ष सम्म | २० |
| २.४ | कार्य अनुभव नभएको | १२ |
| ३ | उमेदवारको स्थायी ठेगाना सम्वन्धि | ३० |
| ३.१ | स्थायी ठेगाना सम्वन्धित स्थानिय तहमा भएमा | २० |
| ३.२ | स्थायी ठेगाना सम्वन्धित स्थानिय तहको जिल्लामा भएमा | १६ |
| ३.३ | स्थायी ठेगाना सम्वन्धित स्थानियतहको प्रदेशमा भएमा | १२ |
| ३.४ | अन्य | ८ |
| ४ | २ वर्ष भन्दामाथि स्थानिय शासन तथा सामुदायिक विकाश कार्यक्रममा ICT Volunteer वा Expert वा अन्यकुनै सामुदायिक विकास कार्यक्रममा सुचना प्रविधि अधिकृतको रुपमा कार्य गरेको भएमा | १० |

नोटःउपरोत्तानुसार १०० पूर्णाङ्क कायमगरि कम्तीमा ५० अंक प्राप्त गर्ने आवेदनकर्तालाई मात्र Short List मा समावेश गरिनेछ ।

अनुसुची २

ईन्जिनियर र सव ईन्जिनियर छनौटको अंकभार

| क.सं. | सुचकहरु | पूर्णाङ्क |
|---|---|---|
| १ | शैक्षिक योग्यता (सुचना अनुसारको न्युनतम शैक्षिक योग्यताको आधारमा) | ३० |
| १.१ | अंक अंकित स्तर निर्धारण पद्धति भएका विश्वविधालयको हकमा | |
| १.१.१ | ८० %वा सो भन्दा माथि प्राप्ताङ्क भएको वा सम्वन्धित विषयमा तोकिएको भन्दा माथिल्लो शैक्षिक उपाधि भएको । | ३० |
| १.१.२ | ६५% देखि ७९.९९ % सम्म प्राप्ताङ्क भएको । | २४ |
| १.१.३ | ५५% देखि ६४% सम्म प्राप्ताङ्क भएको । | १८ |
| १.१.४ | ५५% भन्दा कम प्राप्ताङ्क भएको । | १२ |
| १.२ | अक्षर अंकित स्तर निर्धारण( Letter Grading Sysftem)भएका विश्वविधालयको हकमा | |
| १.२.१ | Cumulative Grading Point Average (३.५ देखि ४ सम्म) वा सम्वन्धित विषयमा तोकिए भन्दा माथिल्लो शैक्षिक उपाधिभएको । | ३० |
| १.२.२ | Cumulative Grading Point Average (३ देखि ३.५ भन्दा कम) | २४ |
| १.२.३ | Cumulative Grading Point Average(२.५ देखि ३ भन्दा कम) | १८ |
| १.२.४ | अन्य | १२ |
| २ | कार्य अनुभव (सुचनाअनुसारको न्युनतम शैक्षिक योग्यता हासिल गरे पश्चात) | ४० |
| २.१ | २ बर्ष भन्दामाथि सरकारि निकायमा ईन्जिनियरिङ क्षेत्रमा कार्य अनुभव भएको | ४० |
| २.२ | १ बर्ष भन्दा माथि | ३० |
| २.३ | १ बर्ष भन्दा सम्म | २० |
| २.४ | कार्य अनुभव नभएको | १२ |
| ३ | उमेदवारको स्थायी ठेगाना सम्वन्धि | ३० |
| ३.१ | स्थायी ठेगाना सम्वन्धित स्थानिय तहमा भएमा | २० |
| ३.२ | स्थायी ठेगाना सम्वन्धित स्थानिय तहको जिल्लामा भएमा | १६ |
| ३.३ | स्थायी ठेगाना सम्वन्धित स्थानिय तहको प्रदेशमा भएमा | १२ |
| ३.४ | अन्य | ८ |
| ४ | छनौट समितिको अन्तवार्ता | १० |

नोटःउपरोत्तानुसार १०० पूर्णाङ्क कायमगरि कम्तीमा ५० अंकप्राप्तगर्ने आवेदनकर्तालाई मात्र Short List मा समावेश गरिनेछ ।

अनुसुची २

कम्प्युटर अपरेटर छनौटको अंकभार

| क.सं. | सुचकहरु | पूर्णाङ्क |
|---|---|---|
| १ | शैक्षिक योग्यता (सुचनाअनुसारको न्युनतम शैक्षिक योग्यताको आधारमा) | २० |
| १.१ | अंकअंकित स्तर निर्धारण पद्धति भएकाविश्वविधालयको हकमा | |
| १.१.१ | ८० %वा सो भन्दा माथि प्राप्ताङ्क भएको वा सम्वन्धित विषयमा तोकिएको भन्दा माथिल्लो शैक्षिक उपाधि भएको । | २० |
| १.१.२ | ६५% देखि ७९.९९ % सम्म प्राप्ताङ्क भएको । | १६ |
| १.१.३ | ५५% देखि ६४% सम्म प्राप्ताङ्क भएको । | १२ |
| १.१.४ | ५५% भन्दा कम प्राप्ताङ्क भएको । | ८ |
| १.२ | अक्षर अंकित स्तर निर्धारण( Letter Grading Sysftem) भएका विश्वविधालयको हकमा | २० |
| १.२.१ | Cumulative Grading Point Average(३.५ देखि ४ सम्म) वा सम्वन्धित विषयमा तोकिए भन्दा माथिल्लो शैक्षिक उपाधि भएको । | २० |
| १.२.२ | Cumulative Grading Point Average (३ देखि ३.५ भन्दा कम) | १६ |
| १.२.३ | Cumulative Grading Point Average(२.५ देखि ३ भन्दा कम) | १२ |
| १.२.४ | अन्य | ८ |
| २ | प्रयोगात्मक परीक्षा | ५० |
| २.१ | नेपालि टाईपिङ | १० |
| २.२ | अंग्रेजि टाईपिङ | १० |
| २.३ | MS Word, MS Exel, MS Powerpoint, E-mail/Internet | ३० |
| ३ | उमेदवारको स्थायी ठेगाना सम्वन्धि | २० |
| ३.१ | स्थायी ठेगाना सम्वन्धित स्थानिय तहमा भएमा | २० |
| ३.२ | स्थायी ठेगाना सम्वन्धित स्थानिय तहको जिल्लामा भएमा | १६ |
| ३.३ | स्थायी ठेगाना सम्वन्धित स्थानिय तहको प्रदेशमा भएमा | १२ |
| ३.४ | अन्य | ८ |
| ४ | छनौट समितिको अन्तवार्ता | १० |

नोटःउपरोत्तानुसार १०० पूर्णाङ्क कायमगरि कम्तीमा ५० अंकप्राप्तगर्ने आवेदनकर्तालाई मात्र Short List मा समावेश गरिनेछ ।